# ‘‘मनकामना दरौंदी जलविद्युत कम्पनी सम्बन्धी जानकारी’’

**पृष्ठभुमिः**

नेपाल विधुत प्राधिकरण पूर्व कर्मचारी समाजको पहलमा स्थापना भएको मनकामना दरौंदी हाईड्रोपावर कम्पनी लिमिटेडले गोरखा जिल्ला, गोरखा नगरपालिका वडा न.१२ र १३ मा मूख्य संरचना र वडा न. १३ र १४ भएर प्रसारण लाइन रहनेछ । तनहुँ जिल्ला आँवुखैरनी गा.पा.मार्कीचोकमा निर्मित नेपाल विधुत प्राधिकरणको २२०KV/१३२KV/३३KV सवस्टेशनमा प्रशारण लाईन जोडिने गरि दरौंदी नदीबाट ९.८४ मेगावाट विद्युत उत्पादन गर्न लागेको छ ।

नेपालमा पहिलोपटक बहुचर्चित चिलिमे जलविद्युत आयोजना स्वदेशी सीप र श्रोतमा सफलता पूर्वक निर्माण सम्पन्न गरि उदाहरणीय वन्न सफल हुनु भएका डा. डम्बरबहादुर नेपालीको नेतृत्वमा हाल यो कम्पनी अगाडि बढिरहेको छ ।

नेपाल विधुत प्राधिकरणका पूर्व कर्मचारीहरू संस्थापक शेयरधनी रहने उद्देश्यले यस कम्पनी स्थापना गरिएको भए तापनि विभिन्न कार्यक्रममा आएका सुझावहरूका आधारमा अन्य संस्थाका पूर्व कर्मचारीहरूलाई पनि यो अभियानमा सामेल गराई आयोजनालाई पूर्व कर्मचारीको अनुभव, दक्षता र सक्रियताको नमूनाको रुपमा लान सकिने भएकोछ । यो आयोजनाको सफलता पछि, हामी सवै पूर्व कर्मचारीको योगदानले जलविद्युत क्षेत्रमा मात्र सिमित नभई अन्य विकासका क्षेत्रका आयोजनाहरू निर्माण गर्ने शक्ति प्राप्त हुने अपेक्षा राखेका छौं ।

**विशेषताहरुः**

- यो अर्ध जलाशययुक्त ६ घण्टा पिकिङ समय रहेको जलविद्युत आयोजना हो ।
- पूर्व कर्मचारी हरूको ५५ प्रतिशत शेयर लगानी रहनेछ ।
- रणनीतिक साझेदारीमा २० प्रतिशत शेयर लगानी रहनेछ ।
- स्थानीय वासिन्दाको १० प्रतिशत शेयर लगानी सुनिश्चित गरिएकोछ ।
- सर्वसाधरण जनताको १५ प्रतिशत शेयर लगानी हुनेछ ।
- संस्थापक शेयरका लागि व्यक्तिले न्यूनतम १००० कित्ता देखि अधिकतम २० हजार कित्ता (रु.१ लाख देखि रु. २० लाख सम्म) खरिद गर्न सक्नेछन् ।
- आयोजना निर्माण शुरु भए पछि वढिमा ३ वर्ष भित्र सम्पन्न गरि विद्युत उत्पादन गर्ने लक्ष्य रहेकोछ ।
- सेवा निवृत्त कर्मचारी तथा परिवार समेतले शेयर खरिद गर्न सक्नेछन् ।
- आयोजना सम्पन्न भएको वर्ष लेखापरीक्षण पछिनै लाभांश दिने गरि कार्य गरिनेछ ।

**आर्थिक अवस्थाः**

- यस आयोजनाको अनुमानित लागत २ अर्ब २८ करोड रहेकोछ ।
- स्वपूँजी ३०% अर्थात करिब रु. ६८.५ करोड रहनेछ ।
- सर्वसाधरण र स्थानीय वासिन्दावाट करिब रु.१७.५० करोड उठाइनेछ ।
- हाल सम्म उठेको रकम रु.१३.२० करोड रहेकोछ ।
- अब उठाउनु पर्ने करिब रु. ३८ करोड रहनेछ ।
- वार्षिक ५ करोड ९१ लाख यूनिट विद्युत उत्पादन हुनेछ
- उत्पादित विद्युत विक्रीबाट प्रत्येक वर्ष रु. ३७ करोड ३० लाख आम्दानी हुने अनुमान गरिएकोछ ।

**हाल सम्मको प्रशासनिक तथा प्राविधिक प्रगतिः**

- सर्भेक्षण लगायत सम्पूर्ण डिजाइन र लगत इस्टिमेटको कार्य सम्पन्न भईसकेको ।
- ग्रिड कनेक्सन संझौता सम्पन्न भईसकेको ।
- उद्योग विभागवाट जलविद्युत उत्पादनको स्विकृती प्राप्त भईसकेको ।
- वातावरण अध्ययन स्विकृत भईसकेको छ ।
- विधुत खरिदबिक्री संझौता (PPA) २०८१ जेठ २८ गते सम्पन्न भईसकेको ।
- निर्माण कार्यको अनुमति पत्र मिति २०८१/०५/११ मा प्राप्त भईसकेको छ ।
- कम्पनी कार्यालयवाट पहिलेनै शेयर खरिद गरेका संस्थापक शेयर धनिहरूको लगत कायम भईसकेको छ, भने पछि वुझाएकाहरूको हकमा लगत कायम गर्ने ब्यवस्था भई रहेकोछ ।

अन्त्यमा, मनकामना दरौंदी हाइड्रोपावर कंपनी लिमिटेडद्वारा प्रवर्धित दरौदी नदी जलविधुत आयोजनाको माध्यम वाट मुलुकलाई उर्जा क्षेत्रमा समृद्ध वनाउने प्रयासमा हाम्रो पनि केही योगदान रहोस र हाम्रो निवृत्त जीवनलाई सुखि र आत्मनिर्भर हुने अभियानमा विशेषगरी नेपाल विद्युत प्राधिकरणका र “नेपाल विद्युत प्राधिकरण पूर्व कर्मचारी समाज” आबद्ध रहेको “सार्वजनिक संस्था पूर्व कर्मचारी समाज” नेपालका सदस्य पूर्वकर्मचारी नछुटुन भन्ने हाम्रो पवित्र उदेश्यलाई साकार पार्नका लागि मनकामना दरौदी हाइड्रोपावर कम्पनीको संस्थापक शेयर खरिद गरिदिन हुन हार्दिक आव्हान गर्दछौं ।

मनकामना दरौदी हाईड्रोपावर कं.लि.
बागबजार, काठमाडौं, फोन नं. ०१-५९१४६५५,
ईमेल: mdhydro75@gmail.com, वेभसाइट: www.mkdhydro.com